रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
Rasuwagadhi Hydropower Company Limited

धुम्बाराही, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४३७१७४४, ४३७१७९४
ईमेलः info@rghpcl.com.np, वेभसाइटः www.rghpcl.com.np

Statement of Financial Position (Unaudited)

As at 31st Ashwin 2083 (17th October 2026)

(NRs. "000")

Particulars	This Quarter Ending Ashwin 2083	Previous Quarter Ending Ashad 2083 (Provisional)	Corresponding Previous Year Quarter Ending Ashwin 2082
Assets			
Non Current Assets			
Property, Plant &Equipment	22,034,456	22,281,277	22,672,524
Intangible Assets	117	155	220
Capital Work in Progress	150,522	77,897	11,745
Total Non - Current Assets	**22,185,094**	**22,359,329**	**22,684,489**
Current Assets			
Inventory	28,169	80,606	69,223
Prepayments	2,371	14,790	48,186
Advances & Deposits	351,810	367,565	330,609
Trade Receivables	81,411	322,502	-
Cash & Cash Equivalents	405,475	409,644	208,358
Total - Current Assets	**869,235**	**1,195,107**	**656,376**
TOTAL ASSETS	**23,054,330**	**23,554,436**	**23,340,865**
EQUITY AND LIABILITIES			
Equity			
Share Capital	6,842,100	6,842,100	6,842,100
Retained Earnings	(2,874,337)	(2,257,058)	(1,537,997)
Total Equity	**3,967,763**	**4,585,042**	**5,304,103**
Non - Current Liabilities			
Long Term Loans	13,808,080	13,888,704	16,795,665
Other Non - Current Liabilities	31,975	27,748	-
Total Non - Current Liabilities	**13,840,055**	**13,916,452**	**16,795,665**
Current Liabilities			
Provisions	15,757	16,038	17,175
Short Term Loan	3,621,290	3,931,369	470,853
Trade and Other Payables	1,609,465	1,105,534	753,069
Total Current Liabilities	**5,246,512**	**5,052,941**	**1,241,097**
TOTAL EQUITY AND LIABILITIES	**23,054,330**	**23,554,435**	**23,340,865**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income

For the period ended 31st Ashwin 2083 (17th October 2026)

Particulars	This Quarter Ending Ashwin 2083	This Quarter Ending Ashad 2083 (Provisional)	Previous Year Corresponding Quarter Ending Ashwin 2082
Income			
Revenue from Sale of Electricity	309,789	1,266,672	-
Total Direct Income	**309,789**	**1,266,672**	**-**
Cost of Sales			
Plant Operation Cost	(46,701)	(274,231)	(39,722.00)
Royalty	(8,938)	(36,274)	(2,828.00)
Gross Profit/ (Loss)	**254,149**	**956,167**	**(42,550)**
Employee Benefits	(12,413)	(15,776)	(4,294)
Administrative Expenses	(44,552)	(18,221)	(4,604)
Depreciation &Amortization	(246,097)	(984,233)	(248,356)
Profit from Opration	**(48,913)**	**(62,063)**	**(299,804)**
Finance Income	511	1,659	468
Finance Cost	(289,707)	(1,326,455)	(342,834)
Other Income/Expenses	(77,553)	(59,031)	(11,180)
Profit/ (Loss) before Tax	**(415,661)**	**(1,445,890)**	**(653,350)**
Less: Tax			-
Current Tax			
Deferred Tax Income (Expense)			
Net Profit/ (Loss) For the Period	**(415,661)**	**(1,445,890)**	**(653,350)**

Transaction with Related Parties

S.N.	Nature of Transaction	Related Party	Amount
1	Secondment Charges of NEA Staff	Nepal Electricity Authority	220,603
2	Interest on Short Term Borrowings	Chilime Hydropower Co. Ltd.	5,765,375
3	Short Term Borrowings	Chilime Hydropower Co. Ltd.	385,000,000

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६, उपनियम (१) को अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

(क) यस त्रैमासिक अवधिको अपरिष्कृत वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरणहरु माथि उल्लेख गरिए बमोजिम रहेको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरुः

क्र.सं.	विवरण	आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधि	आ.व. २०८३/०८३ को चौथो त्रैमासिक अवधि	आ.व. २०८२/०८३ को पहिलो त्रैमासिक अवधि
१	प्रति शेयर आम्दानी	(२४.३२)	(२१.१३)	(१५.८१)
२	मूल्य आम्दानी अनुपात	(२७.३९)	(११.९७)	(१७.०८)
३	प्रति शेयर नेटवर्थ	५७.९९	६७.०१	७२.३४
४	प्रति शेयर कूल सम्पति	३३६.९५	३४४.२६	३४२.७३
५	तरलता अनुपात	०.१७	०.२४	०.३०

** प्रति शेयर आम्दानीलाई वार्षिकिकरण गरिएको ।*

यस कम्पनीद्वारा प्रवर्द्धित रसुवागढी जलविद्युत आयोजना/केन्द्रमा मिति २०८३ भाद्र १० गते आएको विनाशकारी हिमबाढीका कारण आयोजना स्थल पुग्ने सडक तथा पुलहरु पूर्ण रुपमा क्षति भई हालसम्म पनि सोको पुर्ननिर्माण नभएकाले क्षति भएका संरचना तथा सम्पत्तिहरुको यकिन क्षति मूल्याङ्कन कार्य यस त्रैमासिक प्रतिवेदन तयार पार्दासम्म सम्पन्न हुन नसकेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

उक्त प्राकृतिक विपद्वार भएको क्षति तथा नोक्सानीको यथार्थ आर्थिक मूल्याङ्कन कार्य सम्पन्न भएपछि सोबाट सिर्जना हुने आर्थिक प्रभावका आधारमा कम्पनीको वित्तीय विवरणमा प्रचलित लेखांकन मापदण्ड तथा सम्बन्धित प्रावधान बमोजिम आवश्यक लेखांकन गरिनेछ। यसरी क्षतिको यथार्थ मूल्याङ्कन तथा सोको लेखाङ्कन सम्पन्न भए पश्चात् कम्पनीको वित्तीय अवस्था, वित्तीय विवरण तथा प्रमुख वित्तीय सूचकहरुमा उल्लेख्य परिवर्तन आउन सक्ने व्यहोरा समेत सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि अनुरोध छ।

२. व्यवस्थापकीय विश्लेषण

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरणः**

यस कम्पनीको अधिकृत पूँजी रु.७ अर्ब, जारी पूँजी रु. ६ अर्ब ८४ करोड २१ लाख र चुक्ता पूँजी जारी पूँजीको शतप्रतिशत अर्थात रु.६ अर्ब ८४ करोड २१ लाख कायम रहेको छ। स्वपूँजी अन्तर्गत ५१% शेयर संस्थापक शेयरधनी समूहका ज्रु ३९% शेयर सर्वसाधारण शेयरधनी समूहको रहेको छ। कम्पनीको आधारभुत शेयरधनीको रुपमा चुक्ता पूँजीको ३२.७९% शेयर धारण गर्ने श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेड र १८% शेयर धारण गर्ने श्री नेपाल विद्युत प्राधिकरण रहेका छन।

आयोजना शुरुवाती निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण दीर्घकालिन ऋण श्री कर्मचारी संचयकोषबाट प्राप्त हुने गरी ऋण सम्बौता भई सोको परिचालन भएको छ। त्यसैगरी कम्पनीको अल्पकालिन नगद व्यवस्थापन (गत वर्षको बाढीका कारण क्षतिग्रस्त जलविद्युत केन्द्रको पुर्नस्थापना/पुर्ननिर्माण समेत) का लागि संस्थापक संस्था श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेड, श्री नविल बैंक लिमिटेड र श्री कुमारी बैंक लिमिटेडसँग अल्पकालिन ऋण लिइएको छ। उक्त ऋणहरुको २०८३ साल असोज मसान्त सम्मको अवस्थिति निम्नानुसार रहेको छ :

(अ) आयोजनाको निर्माण सम्पन्न गरी २०८१ पौष १६ देखि व्यापारीक विद्युत उत्पादन (Commercial Operation) शुरु भएका मिति सम्ममा श्री कर्मचारी संचयकोषबाट साँवा रु.१० अर्ब १६ करोड २१ लाख प्राप्त गरी उक्त अवधि सम्मका उक्त ऋण रकममा पूँजीकृत भएको व्याज रकम रु.६ अर्ब २७ करोड ५२ लाख ७९ हजार ७ सय ३५ गरी जम्मा ऋण रकम रु.१६ अर्ब ४३ करोड ७३ लाख ७९ हजार ७ सय ३५ कायम भएको थियो। आयोजनाबाट व्यापारिक विद्युत उत्पादन शुरु भइसकेकाले कम्पनीले उक्त ऋण तिर्न शुरु गरी विद्युत बिक्री बापतको रकम र अन्य श्रोत बापतको रकमबाट २०८२ चैत्र मसान्तसम्मको किस्ता र २०८३ आषाढ मसान्त सम्मको व्याज भुक्तानीलाई नियमित गरिएको छ। २०८३ असोजमसान्तमा कोषलाई तिर्न बाँकी साँवा र व्याज बापतको रकम गरी जम्मा रु.१५ अर्ब ०५ करोड ११ लाख २८ हजार ६ सय ९१ रहेको छ। २०८३ भदौ १० को विनासकारी बाढी पश्चात जलविद्युत केन्द्रबाट विद्युत उत्पादन बन्द भएकाले कम्पनीले कोषलाई तिर्नुपर्ने किस्ता भुक्तानीलाई नियमित गर्न नसकेकाले सो बापत थप शुल्क तथा हर्जाना नलगाउन कोषलाई अनुरोध गरिएको छ। हाल कोषलाई तिर्नुपर्ने ऋणको वार्षिक व्याजदर २०८३ श्रावण १ देखि लागु हुने गरी ६.३५% कायम रहेको छ।

(आ) गत वर्षको बाढीका कारण क्षतिग्रस्त जलविद्युत केन्द्रको पुर्नस्थापना/पुर्ननिर्माण लगायत कम्पनीको अल्पकालिन वित्तीय व्यवस्थापनका लागि लिइएको ऋण मध्ये २०८३ असोज मसान्तसम्ममा संस्थापक संस्था श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडको रु.३८ करोड ५० लाख, श्री नविल बैंक लिमिटेडको रु.४९ करोड ८० लाख र श्री कुमारी बैंक लिमिटेडको रु.२ अर्ब भुक्तान गर्न बाँकी रहेको छ। उक्त ऋणमा हाल कायम वार्षिक ब्याजदरका सम्बन्धमा श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडको ऋणमा ६%, श्री नविल बैंक लिमिटेडको ऋणमा ५.११% र श्री कुमारी बैंक लिमिटेडको ऋणमा ५.९९% रहेको छ।

आयोजना शुरुवाती निर्माणका बखत पनि विविध कानु बाहिरको परिस्थिति श्रृजना भई तोकिएको समयमा निर्माण सम्पन्न हुन नसक्दा शुरु अनुमानको तुलनामा निर्माण लागत वृद्धि भएको थियो। जलविद्युत केन्द्रबाट व्यापारिक रुपमा विद्युत उत्पादन शुरु हुनु अघि (२०८१ पौष १५) सम्मको लागतका आधारमा आयोजनाको कूल निर्माण लागत निर्माण अवधीको ब्याज समेत गरी करिब रु.२४ अर्ब ९९ करोड हुन पुगेको थियो। यसबाट आयोजना निर्माण लागतको कर्जाःस्वपूँजी अनुपात शुरुको ५०:५० प्रतिशतबाट परिवर्तन भई करिब ७१:२९ प्रतिशत कायम भएको छ। यद्यपि, आयोजना/जलविद्युत केन्द्रमा २०८२/०३/२४ को बाढीबाट भएको क्षतिको पुर्नस्थापना/पुर्ननिर्माणका कार्यहरुका साथै थप सुरक्षण (Protection) का कार्यहरु समेत भइरहेको अवस्थामा पुनः २०८३ साल भदौ १० गते आएको अर्को विनासकारी हिमबाढीका कारण आयोजनाले व्यहोर्नु परेको अकल्पनिय क्षतिको पुर्नस्थापना/पुर्ननिर्माण गर्नुपर्ने अवस्था रहेकाले क्षतिको बीमा दावी फछ्यौंट पश्चात पनि कम्पनीले थप वित्तीय श्रोतको व्यवस्था गर्नुपर्ने अवस्थामा उल्लेखित ऋण रकम वृद्धि हुनगई कर्जाःस्वपूँजी अनुपातमा समेत पुनः परिवर्तन हुन जाने देखिएको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजनाका सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः पूर्व निर्धारित कार्यतालिका अनुरुप आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसकेको भएता पनि मिति २०८१ साल पौष १६ गतेबाट व्यापारिक रुपमा विद्युत उत्पादन शुरु भएको, गत वर्षको बाढीबाट भएको क्षतिको पुर्नस्थापना/पुर्ननिर्माण आंशिक रुपमा सम्पन्न गरी ३ वटै युनिटबाट विद्युत उत्पादन सुचारु रहेको अवस्थामा थप कुनै बाधा व्यवधान नभएको अवस्थामा आयोजनाबाट यस आ.व.२०८३/०८४ मा वार्षिक ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत शक्ति उत्पादन भई कम्पनीलाई रु.३ अर्ब ३८ करोड आम्दानी प्राप्त हुने अनुमान रहेको थियो। तर, २०८३ साल भदौ १० गते आएको अर्को विनासकारी हिमबाढीका कारण हाल जलविद्युत केन्द्र बन्द हुँदा आ.व. २०८३/०८४ को कम्पनीको नगद प्रवाहमा भने उल्लेख्य असर पर्न जाने देखिएको छ। गत वर्षको बाढीका कारण पुगेको क्षतिको पुनस्थापना पश्चात विद्युत बिक्रीबाट हुने आम्दानीबाट सर्वप्रथम ऋणका किस्ता भुक्तानीलाई निरन्तरता दिई कम्पनीलाई वित्तीय रुपमा सबल बनाई शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने कम्पनीको मुख्य लक्ष्यमा टेवा लागेको छ। तथापी, आवश्यक श्रोतको व्यवस्थापन गरी क्षतिग्रस्त संरचनाहरुको पुर्नस्थापना/पुर्ननिर्माण नै आगामी अवधिका लागि कम्पनीको मुख्य लक्ष्य रहेको छ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः यस कम्पनीद्वारा रसुवा जिल्लाको गोसाईंकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं. २ टिमुरेको सिमाना हुँदै बहने भोटेकोशी नदिको पानी उपयोग गरी १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी २०८१ पौष १६ देखि व्यापारीक विद्युत उत्पादन (Commercial Operation) शुरु गरेकोमा मिति २०८२ साल असार २४ (सन् २०२५ जुलाइ ८) मा तिब्बत क्षेत्रको हिमताल फुट्नाले ल्हेन्दे नदीमा अचानक लेदो, गेग्रान तथा ढूलाढूला ढुङ्गा सहित आएको बाढी नेपाल-चीन सीमाना स्थित रसुवागढी हुँदै आयोजनाको श्रोत नदी भोटेकोशी आइपुग्दा नेपाल-चीन सीमा नजिकै अवस्थित रसुवागढी जलविद्युत आयोजना/केन्द्रको बाँधस्थल र जलविद्युत केन्द्र क्षेत्रमा रहेका अधिकांश सिभिल संरचनाहरुमा व्यापक क्षति पुऱ्याउनुका साथै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल उपकरणहरुमा समेत ठूलो क्षति भएको र कर्मचारी आवास भवनहरु पूर्ण रुपमा क्षति भई जलविद्युत केन्द्रबाट विद्युत उत्पादन समेत बन्द भएको थियो।

उक्त विपत्तीको सामना गर्दै छिटो भन्दा छिटो क्षतिग्रस्त जलविद्युत केन्द्रको आंशिक रुपमा पुर्नस्थापना गरी गराई मिति २०८२ मँसिर २० देखि ३ वटा मध्ये पहिलो युनिटबाट विद्युत उत्पादन शुरु गर्न सफल भएको र क्षति भएका सिभिल संरचना र हाइड्रोमेकानिकल उपकरणहरुको मर्मत संभार तथा पुर्नस्थापनाका कार्यहरु समेत संगसँगै अघि बढाइएकाले नदीको बहावमा हुने परिवर्तनका आधारमा क्रमशः अन्य युनिटहरुबाट पनि विद्युत उत्पादन गर्दै जाने कम्पनीको योजना मुताबिक मिति २०८२ पुष १० देखि दोश्रो युनिटबाट र मिति २०८३ बैशाख ३१ देखि तेस्रो युनिटबाट पनि विद्युत उत्पादन सुचारु गरिएको थियो।

क्षति भएका संरचना तथा मेसिन उपकरणहरुको प्रारम्भिक मूल्यांकन गरी बीमक कम्पनी श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीमा प्रारम्भिक चरणमा रु.१ अर्ब ७३ करोड ८४ लाख बराबरको बीमा दावी गरिएकोमा पुर्नस्थापना/पुर्ननिर्माणको कार्य गर्दै जाँदा कैहि संरचनाहरुमा अनुमानको तुलनामा कम क्षति पुगेको पाईएकोले संशोधित बीमा दावी रु.१ अर्ब ५२ करोड ७६ लाख पेश गरिएकोमा हालका मिति सम्ममा रु.२० करोड ७५ लाख रुपैयाँ मात्र पेश्की स्वरुप प्राप्त भई सो दावी फछ्यौंटको चरणमा रहेको छ।

यसरी २०८२ साल असार २४ को बाढीबाट क्षति पुगेको जलविद्युत आयोजना/केन्द्रको संरचनाहरुको आंशिक रुपमा पुर्नस्थापना/पुर्ननिर्माण गरी ३ वटै युनिटबाट विद्युत उत्पादन सुचारु भई आगामी हिउँदमा बाँकी पुर्ननिर्माणका कार्यहरुका साथै थप सुरक्षणका कार्यहरु समेत सम्पन्न गर्ने लक्षका साथ सोको खरिद सम्बौता समेत भइसकेको अवस्थामा मिति २०८३ साल भदौ १० गते जलविद्युत आयोजना/केन्द्रको श्रोत नदी भोटेकोशीमा आएको विनाशकारी हिमबाढीका कारण आयोजनाका अधिकांश संरचनाहरुमा अकल्पनीय क्षति पुगेको छ। उक्त प्राकृतिक विपद्का कारण जलविद्युत केन्द्रमा तत्कालीन अवस्थामा कार्यरत कम्पनीका नियमित करार सेवातर्फका ५१ जना र दैनिक ज्यालादारी तर्फका र जना गरी जम्मा ५३ जना कर्मचारी बेपत्ता हुनुभएकोमा एक जना कर्मचारीको शव पहिचान भएको छ। त्यसैगरी, कम्पनीका सञ्चालक श्री सुनौं अधौ तामाङ समेत आयोजनाको साइट कार्यालय रहेको घड्केघोला क्षेत्रबाट सम्पर्क विहीन हुनुभएको छ। विभिन्न ठेकेदार कम्पनीबाट प्राप्त विवरण अनुसार ती कम्पनीहरुमा कार्यरत जम्मा ३९ जना कर्मचारी तथा कामदार समेत बेपत्ता हुनुभएको छ। यस विनाशकारी प्राकृतिक विपद्का कारण कम्पनीले ठूलो मानवीय तथा भौतिक क्षति व्यहोर्नुपरेको छ। यस दुःखद घडीमा कम्पनी बेपत्ता कर्मचारीहरू, उहाँहरूका परिवारजन तथा प्रभावित सम्पूर्ण व्यक्तिहरूप्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक सम्वेदना प्रकट गर्दछ।

बाढीबाट बेपत्ता हुनुभएका कर्मचारीहरूको सम्भावित खोजी तथा उद्धारका लागि कम्पनीले आफ्नो सम्पूर्ण उपलब्ध शक्ति, श्रोत र साधन परिचालन गरेको थियो। तथापि, निरन्तर प्रयासका बावजुद बेपत्ता कर्मचारीहरूको अवस्थाबारे यकिन जानकारी प्राप्त हुन नसक्दा सकुशल उद्धार गर्ने कम्पनीको प्रयास अपेक्षित रूपमा सफल हुन नसक्दा यसबाट कम्पनी परिवार अत्यन्त मर्माहत भएको छ। जलविद्युत केन्द्र प्रमुख सहित कम्पनीको दुलो जनशक्ति उक्त विनाशकारी बाढीमा परी बेपत्ता हुनुभएको र सकुशल रहेका कर्मचारीहरूले समेत आफ्ना परिवार तथा आफन्तजन गुमाई शोक र पीडामा रहनु परेको विषम परिस्थितिमा कम्पनीले अत्यन्त न्यून जनशक्तिबाट आफ्ना नियमित कार्य सञ्चालन गरिरहेको छ।

उक्त विनासकारी बाढीका कारण आयोजनाको बाँधस्थल अन्तर्गतका सम्पूर्ण बाहिरी संरचनाहरू, साइट कार्यालय, कर्मचारी आवास भवन, सवारी साधनहरू, हेभी ईक्विपमेन्टहरू, निर्माण सामग्री, पक्की पुलहरू, आयोजना स्थलसम्म पुग्ने पहुँचमार्ग तथा अन्य भौतिक संरचनाहरुमा ठूलो क्षति पुगेको छ भने भूमिगत विद्युतगृह मलवा (Debris) ले भरिएको तथा विद्युतगृहमा रहेका सबै इलेक्ट्रोमेकानिकल उपकरणहरुमा क्षति पुगेको प्रारम्भिक अनुमान रहेको छ। त्यसैगरी, प्रशारण लाइन अन्तर्गत २ वटा टावरमा पूर्णरुपमा क्षति पुगेको छ। आयोजनासँग सम्बन्धित क्षतिग्रस्त भौतिक संरचना, मेसिनरी उपकरण तथा सवारी साधनहरुको नियमानुसार बीमा गरिएको छ भने क्षति हुँदाका बखत सम्पूर्ण बीमा पोलिसिहरू चालु अवस्थामा रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

यसरी २०८२ आषाढ २४ गते र २०८३ भाद्र १० गते यस कम्पनीद्वारा प्रवर्द्धित रसुवागढी जलविद्युत आयोजना/केन्द्रको श्रोत नदी भोटेकोशीमा आएको विनाशकारी हिमबाढीका कारण कम्पनीले ठूलो मानविय तथा भौतिक क्षति व्यहोर्नु परेको छ भने जलविद्युत केन्द्रबाट विद्युत उत्पादन अवरूद्ध भएबाट ठूलो आम्दानी गुमाउनु परेको छ। जसका कारण कम्पनीको नगद प्रवाहमा तात्विक असर परेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

३. कानूनी कारबाही सम्बन्धी विवरणः

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन। तथापि, आयोजनाको प्रशारण लाइन निर्माण अन्तर्गतको पहिलो ठेकेदार श्री मुडभरी एण्ड जोशी प्रा.लि. ले ठेक्का सम्बौता बमोजिम कार्यरत नगर्दा यस कम्पनीले निजसँगको ठेक्का अन्त्य गरेको विषयमा सम्मानित अदालतमा निजद्वारा दायर रिट निवेदनका सम्बन्धमा मध्यस्थकर्ता (Arbitrator) नियुक्त गरिएको व्यहोरा जानकारी अदालतबाट प्राप्त भएको छ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको/भएको व्यहोरा जानकारीमा आएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको व्यहोरा जानकारीमा आएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषणः

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः

कम्पनीद्वारा प्रवर्द्धित रसुवागढी जलविद्युत आयोजना/केन्द्रको श्रोत नदी भोटेकोशीमा मिति २०८२ आषाढ २४ गते आएको बाढीबाट क्षतिग्रस्त संरचनाहरुको आंशिक पुर्नस्थापना तथा पुर्ननिर्माण गरी विद्युत उत्पादन पुनः सञ्चालनमा ल्याइएको अवस्थामा पुनः मिति २०८३ भाद्र १० गते आएको विनाशकारी हिमबाढीले आयोजनाका अधिकांश संरचनाहरुमा व्यापक तथा पूर्ण क्षति पुर्‍याएको छ। यस प्राकृतिक विपद्का कारण कम्पनीले अकल्पनीय मानवीय तथा आर्थिक क्षति व्यहोर्नुपरेको यस विषम परिस्थितिमा समेत कम्पनीको शेयर दोश्रो बजारमा नियमित रुपमा कारोबार भइरहेको छ। यस कठिन परिस्थितिमा पनि कम्पनी प्रति आशा, भरोसा र विश्वास कायम राख्नुहुने सम्पूर्ण शेयरधनीहरुप्रति कम्पनी हार्दिक आभार व्यक्त गर्दछ।

साथै, लगानीकर्ताहरूले कम्पनीप्रति देखाउनुभएको विश्वासलाई उच्च सम्मान गर्दै लगानीको संरक्षण तथा कम्पनीको दीर्घकालीन हित सुनिश्चित गर्न क्षतिग्रस्त आयोजनाको पुनर्स्थापना तथा पुर्ननिर्माण कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन कम्पनी निरन्तर प्रतिबद्ध र क्रियाशील रहने व्यहोरा समेत व्यक्त गर्दछ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम् न्यूनतम्, अन्तिम मुल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्याः

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	शेयर कारोबार रकम (रु.)	कारोबार शेयर संख्या	कारोबार भएको कूल दिन
२७६/००	१५६/००	१६६/४०	८०,०१,७२,४३६।२	४४,५८,८५६	६१

५. समस्या र चुनौतीः

रसुवागढी जलविद्युत आयोजना निर्माणको प्रारम्भिक चरणदेखि नै भूकम्प, नाकाबन्दी, हरेक वर्ष दोहोरिने बाढी तथा पहिरो, कोभिड-१९ लगायतका विभिन्न प्राकृतिक विपद् तथा कम्पनीको नियन्त्रण बाहिरका प्रतिकूल परिस्थितिहरूको सामना गर्दै अगाडि बढेको आयोजना हो। यस्ता कठिन परिस्थितिका बावजुद मिति २०८२ पौष १६ गतेदेखि आयोजनाबाट व्यावसायिक रूपमा विद्युत् उत्पादन प्रारम्भ गरिएको थियो। तर, मिति २०८२ असार २४ गते आयोजनाको श्रोत नदी भोटेकोशीमा आएको विनाशकारी हिमबाढीका कारण बाँधस्थल लगायत आधिकांश सिभिल संरचनाहरुमा व्यापक क्षति पुग्दा साथै हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरुमा समेत ठूलो क्षति पुगेको थियो। साथै, कर्मचारी आवास भवनहरू पूर्ण रूपमा क्षतिग्रस्त भई जलविद्युत् केन्द्रबाट विद्युत् उत्पादन पूर्ण रूपमा बन्द हुन पुगेको थियो।

उक्त विपद्वाट सिर्जित विषम परिस्थितिको सामना गर्दै क्षतिग्रस्त जलविद्युत् केन्द्रको शीघ्र आंशिक पुर्नस्थापना गर्ने उद्देश्यले कम्पनीले निरन्तर प्रयास गरेको थियो। सोही प्रयास स्वरूप मिति २०८२ मँसिर २० गतेदेखि २०८३ बैशाख ३१ गतेसम्म क्रमशः तीनवटै युनिटबाट विद्युत् उत्पादन पुनः सञ्चालनमा ल्याउन कम्पनी सफल भएको थियो। चालु वर्षको हिउँदयाममा बाँकी पुनर्निर्माण तथा थप संरक्षणका कार्यहरू सम्पन्न गरी निर्वाध रूपमा पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्ने लक्ष्य सहित आवश्यक कार्यहरू अगाडि बढिरहेको अवस्थामा पुनः मिति २०८३ भदौ १० गते आयोजनाको श्रोत नदी भोटेकोशीमा आएको विनाशकारी हिमबाढीले आयोजनाका अधिकांश संरचनाहरुमा अकल्पनीय क्षति पुर्‍याएको छ। यस विपद्का कारण कम्पनीले ठूलो मानवीय तथा आर्थिक क्षति व्यहोर्नुपरेको छ।

बाढीमा परी बेपत्ता भएका ९३ जना कर्मचारीहरूको सकुशल उद्धारका लागि कम्पनीले गरेको निरन्तर प्रयास अपेक्षित रूपमा सफल हुन नसक्दा कम्पनी परिवार अत्यन्त मर्माहत भएको छ। जलविद्युत केन्द्र प्रमुख सहित कम्पनीका दुलो संख्यामा कर्मचारीहरू उक्त विनाशकारी बाढीमा परी बेपत्ता हुनुभएको तथा सकुशल रहेका कर्मचारीहरूमध्ये कतिपयले आफ्ना परिवारका सदस्य तथा आफन्तजन गुमाई शोक र पीडामा रहनुपरेको विषम परिस्थितिमा कम्पनीले अत्यन्त सीमित जनशक्तिबाट आफ्ना नियमित कार्यहरू सञ्चालन गर्नुपरिरहेको छ। यस्तो अवस्थामा आयोजनाको पुनर्स्थापना तथा पुनर्निर्माणका लागि उपलब्ध जनशक्तिको प्रभावकारी परिचालन गर्नुका साथै आवश्यक थप दक्ष तथा प्राविधिक जनशक्तिको व्यवस्थापन गर्नु कम्पनीका लागि थप चुनौती खडा भएको छ।

रसुवागढी जलविद्युत आयोजना भौगोलिक रूपमा अत्यन्त विकट तथा कठिन स्थानमा अवस्थित आयोजना हो। । नेपाल-चीन सीमाक्षेत्र नजिक रहेको उक्त आयोजना बाढीपश्चात् सडक सञ्जालसँग जोडिएको रसुवा जिल्लाको स्याफ्रुबेंसीबाट करिब १६ किलोमिटरको दूरीमा अवस्थित छ। पछिल्लो बाढीका कारण स्याफ्रुबेंसीदेखि आयोजनास्थलसम्म पुग्ने सडक तथा उक्त मार्गमा रहेका ६ वटा पक्की पुलहरू पूर्ण रूपमा क्षतिग्रस्त भएका छन। क्षतिग्रस्त सडक तथा पुलहरूको पुनर्निर्माण नभएसम्म आयोजनास्थलसम्म पुग सकिने अन्य वैकल्पिक मार्ग उपलब्ध छैन।

हाल स्याफ्रुबेंसीमा बेलीब्रिज जडान कार्य भइरहेको छ। उक्त पुल जडान गर्नुका साथै क्षतिग्रस्त सडक तथा अन्य पुलहरूको पुनर्निर्माण सम्पन्न भएपछि मात्र आयोजना स्थलसम्म आवश्यक मेसिनरी, उपकरण, निर्माण सामग्री तथा जनशक्ति पुऱ्याउन सम्भव हुनेछ। त्यसपछि मात्र आयोजनाको पुनर्स्थापना, पुनर्निर्माण, मर्मतसम्भार तथा अन्य आवश्यक कार्यहरू प्रभावकारी रूपमा अगाडि बढाउन सकिने अवस्था छ। तसर्थ, हालका लागि क्षतिग्रस्त सडक तथा पुलहरूको पुनर्निर्माण गरी आयोजना स्थलसम्म नियमित आवागमनको व्यवस्था गर्नु नै कम्पनीका सामु रहेको प्रमुख समस्या तथा चुनौती हो।

गत वर्षको बाढीबाट आयोजना तथा जलविद्युत केन्द्रका संरचनाहरूमा भएको क्षतिको बीमा दावी हालसम्म पनि पूर्ण रूपमा फछ्यौंट हुन नसकेको अवस्थामा चालु वर्षको बाढीबाट भएको क्षति सम्बन्धी बीमा दावीको रकम समेत समयमा प्राप्त हुन नसकेमा आयोजनाको पुनर्स्थापना तथा पुनर्निर्माणका लागि आवश्यक वित्तीय श्रोत व्यवस्थापनमा कठिनाइ उत्पन्न हुन सक्ने देखिन्छ।

यसअघि नै कम्पनी माथि उल्लेख्य ऋण दायित्व रहेको अवस्थामा आयोजनाको पुनर्निर्माणका लागि थप ऋण लिनुपर्ने परिस्थिति सिर्जना भएमा निर्माण तथा पुनर्निर्माण अवधिमा लाग्ने ब्याज रकम समेत पूँजीकृत हुँदै जाने भएकाले कम्पनीको वित्तीय दायित्वमा थप वृद्धि भई दीर्घकालीन रूपमा वित्तीय दवाब सिर्जना हुन सक्ने जोखिम रहेको छ। त्यसैगरी, विद्युत उत्पादन अवरूद्ध भएमैं कम्पनीले नियमित आम्दानीको प्रमुख श्रोत गुमाउनु परेको अवस्थामा ऋणको साँवा तथा ब्याज भुक्तानी, सञ्चालन खर्च र पुनर्निर्माणका लागि आवश्यक पूँजी व्यवस्थापन गर्नु कम्पनीका लागि थप चुनौतीपूर्ण बनेको छ।

आयोजना निर्माण क्षेत्रको भौगर्भिक अवस्थिति तथा भोटेकोशी नदीमा हरेक वर्ष दोहोरिने बाढी तथा पहिरोको जोखिमका कारण आयोजनाको दीर्घकालीन सुरक्षाका सम्बन्धमा थप अध्ययन तथा विशेषज्ञ परामर्शका लागि आवश्यक देखिएको छ। पछिल्लो हिमबाढीका कारण नदीको सतह तथा बहावको स्वरूपमा समेत परिवर्तन भएको देखिएकाले आयोजनाका क्षतिग्रस्त संरचनाहरूलाई पूर्ववत् डिजाइन तथा संरचनात्मक मापदण्डका आधारमा नै पुर्नस्थापना तथा पुनर्निर्माण गर्न सम्भव हुने वा नहुने विषय यकिन गर्न विस्तृत प्राविधिक तथा भौगर्भिक अध्ययन गर्नुपर्ने अवस्था रहेको छ।

यसका अतिरिक्त, भविष्यमा हुन सक्ने बाढी तथा पहिरोबाट आयोजनाका संरचना, कर्मचारी तथा स्थानीय